बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी

बैठक संख्याः

श्रीः

आज मिति २०७७ साल आषाढ ०५ गते दिउसो २:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्रीः रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्रीः नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |

...कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्रीः केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्रीः बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्रीः सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्रीः ईशा सुनार | सदस्य |
| २०. | | श्रीः अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्रीः बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्रीः प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्रीः वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्रीः लल्लन प्रसादविन | सदस्य |
| २६. | लुकुडी | श्रीः लुकुडी चमार | सदस्य |
| २७. | | श्रीः मेघ नाथ पाध्या | सदस्य-सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्रीः माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१. | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३२. | | कृष्ण वहादुर थापा क्षेत्री | सहायक पाँचौ |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

**प्रस्तावहरु:**

१. आ.व. २०७७/०७८ को योजना तर्जुमा गर्ने सन्दर्भमा बजेट सिलिंग र मार्गदर्शन सम्बन्धमा ।

२. पुर्न निर्माण कार्यक्रम सम्बन्धमा ।

३. सुरक्षित आवास कार्यक्रम सम्बन्धमा ।

४. हावाहुरीलाई राहत वितरण सम्बन्धमा ।

५. रकमान्तर सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

*निर्णय नं. १:*

प्रस्ताव नं १ माथी छलफल गर्दा यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ मा बार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा मिति ०७७/३/३ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकबाट भएको सिफारिस समेतको आधारमा देहायअनुसारको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना प्रथमिकिकरणका आधार, नगरस्तरिय, वडागत तथा विषयगत बजेट सिलि समेत पारित गरि सोको आधारमा योजना तर्जुमा प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

तपसिलः

आयोजना प्राथमिकिकरणका आधारहरुः

- योजना तर्जुमा गर्ने सन्दर्भमा सँघिय सरकार तथा प्रदेश सरकार बाट प्राप्त मार्ग निर्देशनहरु र सहलगानीमा सञ्चालन गर्न सकिने योजनाहरु
- चालु आ.व.का अधुरा आयोजनाहरु
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजनामा उल्लेखित योजनाहरु
- श्रममुलक प्रविधिमा आधारित र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्‍याउने योजनाहरु
- कोभिड-१९ को व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु
- कोभिड -१९ को कारणबाट शिथिल हुन पुगेको स्थानीय अर्थतन्त्रलाई चलायामान बनाउने प्रकृतिका आवश्यक योजनाहरु
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरु
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई फाइदा पुग्ने योजनाहरु
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु
- ४० लाख सम्म बजेट सिमा भएका वडा कार्यालयहरुले कम्तिमा २ वटा ५ लाखका योजना छनौट गर्ने
- ४० लाख भन्दा वढी बजेट सिमा भएका वडाहरुले कम्तिमा १० लाखको १ वटा र कम्तिमा ५ लाखको २ वटा छनौट नगर्ने
- २ लाख भन्दा साना योजना छनौट नगर्ने

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं प्रदेश
नेपाल

## योजना तर्जुमा गर्ने सन्दर्भमा केन्द्रबाट प्राप्त मार्गदर्शन तथा ध्यान दिनुपर्ने विषयहरु

### क) योजना तर्जुमा प्रक्रिया सम्बन्धीः

- हाल अभ्यासमा रहेको योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप गाँउ-टोल भेलाको आयोजना गर्न स्वास्थ्य सुरक्षाका दृष्टिकोणले जोखिम पूर्ण हुने देखिएमा, नागरिक सहभागिताका वैकल्पिक विधिहरु अवलम्बन गर्ने व्यवस्था मिलाउने । यसका लागि भौतिक दुरी तथा स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरि स-साना समूहमा छलफल गर्ने, टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामुदायिक संस्थाहरु परिचालन गर्ने, सञ्चार र सूचना प्रविधिका उपयोग जस्ता विधि प्रयोग गर्न सकिने ।
- कोभिड- १९ को संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितीको आँकलन गरी हाल स्थानीय तहले सम्पादन गरिरहेका क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याँक संकलन तथा संप्रेषण जस्ता कार्यको लागि यी क्षेत्रको विद्यमान अवस्था विश्लेषणका आधारमा आवश्यकता पहिचान गरी आगामी आ.व.को नीति, कार्यक्रम र बजेटमा प्रथमिकताका साथ समावेश गर्ने
- बजेट विनियोजन गर्दा बहुवर्षिय आयोजना तथा चालु आ.व.का अधुरा आयोजनालाई सम्पन्न गर्न प्राथमिकता दिने । साथै, वार्षिक कार्यक्रम तय गर्दा स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सिर्जना गर्ने आयोजना छनौटमा प्रथमिकता दिने

### ख) कोभिड- १९ बाट सिर्जित संकट व्यवस्थापन सम्बन्धीः

- संक्रमणको जोखिम रहदाँसम्म असक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवति महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिलाई राहका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गर्ने
- आर्थिक रुपले विपन्न श्रमिक मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्रथमिकता दिने
- कोभिड- १९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य शुरक्षा सामाग्री ( मास्क, पञ्जा, सेनीटाइजर, पिपिई) हरुको अभाव नहुने गरी बजेटको व्यवस्था गर्ने,
- कोभिड संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकलाई नेपाल सरकारले तोकेबमोजिम क्वारेन्टाइनमा राख्न  आवश्यक बजेट व्यवस्था गर्ने, यस्तो व्यवस्था गर्दा आवश्यकता बमोजिम छिमेकी स्थानीय तहहरु संग समेत समन्वय र सहकार्य गर्न सकिने
- कोभिड - १९ को  रोकथाम तथा नियन्त्रणको लागि क्षमता विकास तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न बजेट व्यवस्था गर्ने
- एम्बुलेन्स, दमकल, सववाहन जस्ता सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था गर्ने
- कोभिड-१९ को कारण विद्यार्थी, गर्भबति महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गर्ने

### ग) सामाजिक क्षेत्रसँग सम्बन्धी (स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई र अन्य)

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य स्वास्थ्य इकाइहरुले दिने सेवाको लागि अत्यावस्यक औषधी तथा उपकरण तथा स्वास्थ्य सासाग्रीको लागि बजेट व्यवस्था गर्ने
- जनस्वास्थ्य सँग सम्बन्धित सेवा प्रभावकारी बनाउन महिला स्वयम सेविका परिचालनको लागि बजेट व्यवस्था गर्ने
- वैकल्पिक विधिको प्रयोग गरी पठन पाठन सूचारु गर्न आवश्यक बजेटको व्यवस्था गर्ने
- सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रबन्ध गर्न आवश्यक बजेटको व्यवस्था गर्ने

### घ) आर्थिक विकास सम्बन्धी (कृषि, पशुसेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन र अन्य)

- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भरता तथा उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक मल, विउ, किटनाशक औषधी, उत्पादिन वस्तुको भण्डारण, प्रशोधन र बजार व्यवस्था, सिँचाई सुविधा मिलाउनको लागि बजेट व्यवस्था गर्ने
- किसानको लागत मूल्यको प्राप्तीको सुनिश्चितताको लागि कृषि तथा पशुविमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रम गत बजेटको व्यवस्था गर्ने
- बाँझो जग्गाको एकिकृत तथ्याँक संकलन गरी सोको उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गर्ने, यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियत तथा अनुदान लगायतका व्यवस्था गर्न सकिने
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
- विदेशबाट फर्किएका र रोजगारीको खोजीमा रहेका व्यक्तिहरुको सिपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण, सेवा, व्यावसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाता सँग समन्वय गरि रोजगारी प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउने

### ङ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धीः

- कोभिड-१९ वाहेकका अन्य विपद् व्यवस्थापनका लागि बजेट व्यवस्था गर्ने
- पूर्वाधार विकासका कार्यक्रम गर्दा विपद जोखिमका संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाउने

### च) सुशासन तथा संस्थागत विकास सम्बन्धीः

- नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधि मैत्री वनाउन आवश्यक बजेटको व्यवस्था गर्ने

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

- आन्तरिक आयमा चालु आ.व.मा परेको असर तथा आगामी आ.व. मा पनि यस्तो अवस्थाको निरन्तरता हुन सक्ने देखिएकोले आय संकलन प्रक्रिया र विधिमा सुधार तथा कर सहुलियत दिनुपर्ने अवस्था रहेमा सोको आँकलन गरी आन्तरिक राजश्व परिचालन सम्बन्धी आवश्यक नीतिगत र कानुनी गर्ने व्यवस्था गर्ने ।
- कोभिड-१९ बाट व्यापार व्यावसाय तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्न व्यावसाय कर, घर वहाल कर जस्ता क्षेत्रमा परेको असरको मूल्याँकन गरि कर सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गर्ने
- कोभिड-१९ बाट कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरि आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाउने
- आर्थिक क्रियाकलापमा आएको संकुचन सँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयूक्त आकारको बजेट तर्जुमा गर्ने
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितब्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गर्न उपयूक्त हुने
- कोभिड-१९ को कारण असहज परिस्थितीको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय गै.स.स., सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपुरक भूमिकामा परिचालन गर्ने नीति लिने

## आगामी आ.व.को लागि समष्टिगत वजेट सिलिङ्ग

### *बर्दघाट नगरपालिकाको आगामी आ.व ०७७।०७८को अनुमानित आय व्यय श्रोतगत विवरण*

| क.स) | नगरपालिकाको अनुदान रकम | जम्मा रकम | विनियोजन तर्फ | |
|---|---|---|---|---|
| | | | चालु | पूजीगत |
| | आन्तरिक आय | | | |
| १ | गतको अ.ल्या | १०७००००००.० | १८६८००००.० | ८८३२००००.० |
| २ | राजश्व वाँ डफाड | २४२०००००.० | ०.० | २४२०००००.० |
| ३ | आन्तरीक श्रोत तर्फ | ३००१५०००.० | ३००१५०००.० | ०.० |
| | क जम्मा | १६१२१५०००.० | ४८६९५०००.० | ११२५२००००.० |
| नेपाल सरकारबाट प्राप्त अनुदान | | | | |
| १ | राजश्व वाँ डफाड | ११९०४०५७०.० | ११३०४०५७०.० | ६००००००.० |
| २ | वित्तिय समानीकरण अनुदान | १६८६०००००.० | ६०००००००.० | १०८६०००००.० |
| ३ | तराइ मधेश सँ वृद्दि कार्यक्रम | ३७२०००००.० | २०००००.० | ३७००००००.० |
| ४ | सशर्त अनुदान | ३१३३०००००.० | २५३८६००००.० | ५९४४००००.० |
| ५ | विशेष अनुदान | ०.० | ०.० | ०.० |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| | | | | |
|---|---|---|---|---|
| ६ | समपुरक अनुदान | ०.० | ०.० | ०.० |
| | **ख जम्मा** | ६३८१४०५७०.० | ४२७१००५७०.० | २११०४००००.० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| १ | वित्तीय समानीकरण अनुदान | ५८८००००.० | ०.० | ५८८००००.० |
| २ | सशर्त अनुदान | १७८५००००.० | ०.० | १७८५००००.० |
| ३ | विषेश अनुदान | ७००००००.० | ०.० | ७००००००.० |
| ४ | समपरक अनुदान | २०००००००.० | ०.० | २०००००००.० |
| ५ | राजश्व बाँडफाड | ८५१६०००.० | ८५१६०००.० | ०.० |
| | **ग जम्मा** | ५९२४६०००.० | ८५१६०००.० | ५०७३००००.० |
| | **कूल जम्मा रकम** | ८५८६०१५७०.० | ४८४३११५७०.० | ३७४२९००००.० |

सामाजिक सुरक्षा लगायतका अन्तरसरकारी अख्तियारीबाट प्राप्त हुने रकम समावेश नगरिएको र नगरसभाबाट बजेट पारित गर्ने समय सम्म अधुरा रहने योजनाको एकिन गरी गत वर्षको अल्या तर्फ विनियोजित बजेट बाट सुनिश्चित गर्ने

**आगामी आ.व. ०७७।०७८ को व्यय अनुमान नगरपालिका, विषयगत शाखा र वडा समिति तर्फको**

| क्र.स. | | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | | **नगरकार्यपालिका** | | | | |
| | १.१ | सञ्चालन खर्च (न.पा.र वडा) | १५७८९५०००.० | ७००००००.० | | १६४८९५०००.० |
| | १.२ | अधुरा योजनाको भूक्तानी | ०.० | ०.० | | ०.० |
| | १.३ | फिर्ता खर्च | १५००००००.० | ०.० | | १५००००००.० |
| | १.४ | समपुरक/लागत साझेदारी | ०.० | ५०००००००.० | | ५०००००००.० |
| | १.५ | कन्टीन्जेन्सी खर्च | २५०००००.० | २५०००००.० | | ५००००००.० |
| | १.६ | तराई मधेश सँ वृद्दि | २०००००.० | ३७००००००.० | | ३७२०००००.० |
| | १.७ | प्रदेश समपुरक | ०.० | २०००००००.० | | २०००००००.० |
| | १.८ | प्रदेश विषेश | | ७००००००.० | | ७००००००.० |
| | १.९ | प्रदेश ससर्त | ०.० | १७८५००००.० | | १७८५००००.० |
| | १.१० | मर्मत सम्भार कोष | ०.० | १०००००००.० | | १०००००००.० |
| | १.११ | विपद व्य कोष (कोभिड लक्षित) | | १५००००००.० | | १५००००००.० |
| | १.१२ | विपद व्यवस्थापन कोष | ०.० | ५००००००.० | | ५००००००.० |
| | १.१३ | लागत सहभागिताका योजना | ०.० | १०००००००.० | | १०००००००.० |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १.१४ | नगरका गौरबका योजना | १३३५६५७०.० | ५००००००००.० | | ६३३५६५७०.० |
| | | क जम्मा | १८८९५१५७०.० | २३१३५००००.० | ०.० | ४२०३०१५७०.० |
| २ | २ | वडा समिति (ख जम्मा) | २४००००००.० | ५६००००००.० | | ८०००००००.० |
| ३ | ३ | विषयगत शाखा | | | | ०.० |
| | ३.१ | विषयगत शाखा ससर्त | २५३८६००००.० | ५९४४००००.० | ०.० | ३१३३०००००.० |
| | ३.२ | विषयगत शाखा न.पा. | १७५०००००.० | २७५०००००.० | | ४५००००००.० |
| ४ | | ग जम्मा | २७१३६००००.० | ८६९४००००.० | ०.० | ३५८३०००००.० |
| ५ | | कूल जम्मा | ४८४३११५७०.० | ३७४२९००००.० | ०.० | ८५८६०१५७०.० |

विषयगत शाखालाई दिइएको नगरपालिका तर्फको बजेट सिलिङ्ग

| | क्र.स. | विषयगत शाखा | चालु तर्फ | पुंजिगत तर्फ | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| | ३.२.१ | श्वास्थ्य | ५०००००००.०० | ७०००००००.०० | | १२००००००.०० |
| | ३.२.२ | शिक्षा | ४००००००.०० | ६००००००.०० | | १०००००००.०० |
| | ३.२.३ | कृषि | ३००००००.०० | ७००००००.०० | | १०००००००.०० |
| | ३.२.४ | पशु | ३५०००००.०० | ६५०००००.०० | | १०००००००.०० |
| | ३.२.५ | महिला | २००००००.०० | १००००००.०० | | ३००००००.०० |

सञ्चित कोषबाट विनियोजित रकमबाट वडा समितिलाइ दिइएको बजेट सिलिङ्ग

आ.व. २०७७.०७८

| वडा न | जनसंख्या (घ | विकास अवस्था( ह | राजश्वको योगदान( ह | भूगोल( ह | अंक भार अनुपात | समानिकरण | सूत्रगत वितरण | जम्मा रकम | आर्थिक विकास(ज | सामाजिक विकास(ज | पूर्वाधार विकास(छ | वातावरण तथा विपद् व्यवस्थापन (ज | सुशासन तथा संस्थागत विकास (छ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १.१७ | १.२० | ०.८० | १.१० | ४.२७ | १८२५०००.० | २१६११६०.० | ३९९४१६०.० | ५९९१२४.० | ५९९१२४.० | २१९६७८८.० | ३९९४१६.० | १९९७०८.० |
| २ | २.६९ | २.१० | १.८० | ३.५० | १०.०९ | १८२५०००.० | ५१२५७२०.० | ६९५०७२०.० | १०४२६०८.० | १०४२६०८.० | ३८२२८९६.० | ६९५०७२.० | ३४७५३६.० |
| ३ | ०.३१ | १.२० | ०.२० | १.३० | ३.०१ | १८२५०००.० | १५२९०८०.० | ३३५४०८०.० | ५०३११२.० | ५०३११२.० | १८४४७४४.० | ३३५४०८.० | १६७७०४.० |
| ४ | ५.७२ | ३.२० | ३.८० | २.०५ | १४.७७ | १८२५०००.० | ७५०३१६०.० | ९३२८१६०.० | १३९९२२४.० | १३९९२२४.० | ५१३०४८८.० | ९३२८१६.० | ४६६४०८.० |
| ५ | १.६९ | १.९५ | १.१० | २.९८ | ७.७२ | १८२५०००.० | ३९२१७६०.० | ५७४६७६०.० | ८६२०१४.० | ८६२०१४.० | ३१६०७१८.० | ५७४६७६.० | २८७३३८.० |
| ६ | ०.५७ | १.२० | ०.४० | १.१० | ३.२७ | १८२५०००.० | १६६११६०.० | ३४८६११६०.० | ५२२९२४.० | ५२२९२४.० | १९१७३८८.० | ३४८६११६.० | १७४३०८.० |
| ७ | ०.७० | १.३० | ०.५० | १.११ | ३.६१ | १८२५०००.० | १८३३८८०.० | ३६५८८८०.० | ५४८८३२.० | ५४८८३२.० | २०१२३८४.० | ३६५८८८.० | १८२९४४.० |
| ८ | ०.५८ | १.१० | ०.४० | १.१० | ३.१८ | १८२५०००.० | १६१५४४०.० | ३४४०४४०.० | ५१६०६६.० | ५१६०६६.० | १८९२२४२.० | ३४४०४४.० | १७२०२२.० |
| ९ | १.१५ | २.०४ | ०.८० | १.०५ | ५.०४ | १८२५०००.० | २५६०३२०.० | ४३८५३२०.० | ६५७७९८.० | ६५७७९८.० | २४११९२६.० | ४३८५३२.० | २१९२६६.० |
| १० | १.७१ | १.४६ | १.१० | १.४६ | ५.७३ | १८२५०००.० | २९१०८४०.० | ४७३५८४०.० | ७१०३७६.० | ७१०३७६.० | २६०४७१२.० | ४७३५८४.० | २३६७९२.० |
| ११ | १.३५ | १.३० | ०.९० | १.३० | ४.८५ | १८२५०००.० | २४६३८००.० | ४२८८८००.० | ६४३३२०.० | ६४३३२०.० | २३५८८४०.० | ४२८८८०.० | २१४४४०.० |
| १२ | २.३९ | १.३० | १.६० | १.३० | ६.५९ | १८२५०००.० | ३३४७७२०.० | ५१७२७२०.० | ७७५९०८.० | ७७५९०८.० | २८४४९९६.० | ५१७२७२.० | २५८६३६.० |
| १३ | २.८६ | १.३० | १.९० | १.३० | ७.३६ | १८२५०००.० | ३७३८८८०.० | ५५६३८८०.० | ८३४५८२.० | ८३४५८२.० | ३०६०१३४.० | ५५६३८८.० | २७८१९४.० |
| १४ | २.७२ | १.६५ | १.८० | १.६५ | ७.८२ | १८२५०००.० | ३९७२५६०.० | ५७९७५६०.० | ८६९६३४.० | ८६९६३४.० | ३१८८६५८.० | ५७९७५६.० | २८९८७८.० |
| १५ | २.२५ | १.३० | १.५० | १.३० | ६.३५ | १८२५०००.० | ३२२५८००.० | ५०५०८००.० | ७५७६२०.० | ७५७६२०.० | २७७७९४०.० | ५०५०८०.० | २५२५४०.० |
| १६ | २.१४ | १.४० | १.४० | १.४० | ६.३४ | १८२५०००.० | ३२२०७२०.० | ५०४५७२०.० | ७५६८५८.० | ७५६८५८.० | २७७५१४६.० | ५०४५७२.० | २५२२८६.० |
|  | ३० | २५ | २० | २५ | १०० | २९२०००००.० | ५०८०००००.० | ८००००००००.० | १२००००००.० | १२००००००.० | ४४००००००.० | ८०००००००.० | ४००००००.० |

कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ न. प्रदेश
नेपाल

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) भरतपुर चितवनको आ.व. २०७७/०७८ को बार्षिक कार्यक्रममा बर्दघाट नगरपालिकाको वडा नं. ०९ अन्तर्गत रहेको पञ्चनगर स्वास्थ्य चौकीको भवन पुनर्निमाण गर्न भनि कार्यक्रम स्वीकृत भै कार्यक्रम कार्यान्वय गर्ने शिलशिलामा भवन निर्माण गर्ने स्थानको जग्गा धनी दर्ता प्रमाण पूर्जा एवम् अन्य कागजात उपलव्ध गराउन भनि च.नं. २४४ मिति: २०७७/०२/२८ को पत्रबाट उल्लेख भै आएकोले उक्त स्वास्थ्य चौकीको भवन यस नगरपालिकाको नाममा फिल्डबुक कायम भै जग्गा धनी दर्ता प्रमाण पूर्जा प्राप्त गर्न बाँकी रहेको साविक पञ्चनगर गा.वि.स वडा नं. २/ख कि.नं. १८८ को जम्मा ज.वि. १-१०-०-० क्षेत्रफल मध्ये दक्षिण पूर्व तर्फबाट ज.वि. ०-५-०-० (पाच कठ्ठा मात्र) क्षेत्रफलको जग्गामा निर्माण गर्ने र सो जग्गाको कित्ता काँट हुदाका बखत सो जग्गा स्वास्थ्य चौकीलाई उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

प्रस्ताव नं ३ माथि छलफल गर्दा आ.व. २०७६/०७७ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार रु. १५,७३,१००/-(रुपैया पन्ध्र लाख तीरहत्तर हजार एक सय मात्र) रकमबाट यस नगरपालिकाको वडा नं. ८,९, १२, १३ र १५ वडाहरुमा सुरक्षीत आवास कार्यक्रम अन्तर्गत थान-५ सुरक्षित आवास निर्माण गर्ने कार्यक्रम रहेकोले सोही वडामा उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| वडा नं. | नाम थर | पति/पिता | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | पदम सिं सुनार | सहविर सुनार | बर्दघाट-९, न.प. | |
| २. | मधुमाया भुजेल | | बर्दघाट-१५, न.प. | |
| ३. | | | | |
| ४ | | | | |
| ५ | | | | |

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बर्दघाट नगरपालिका वडा नं. १३ अन्तर्गत रहेको श्री मदरसा अरयिबा मदारुल ओलुमले विद्यालयको बालविकास कोठाको टिन मिति:२०७७/०२/२१ मा आएको हावाहरीले उडाई विद्यालयका वालवालिकालाई पठनपाठनमा असहज भएको भनि लयको च.नं. १५८९ मिति: २०७७/०२/३२ को सिफारिस साथ निवेदन पेश गरेकोले उक्त विद्यालयलाई सहयोग वापत रु.१०,०००/-(रुपैया दश हजार मात्र) रकम उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७६/०७७ का लागि नगरसभाबाट स्वीकृत नगर स्तरिय योजनाहरुको सन्दर्भमा चालु आ.व. मा सम्पन्न हुन नसक्ने देखिएका साथै विश्वव्यापी माहामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (कोभिड-१९) को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषदंको निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ वमोजिम देहायका नगरस्तरीय शीर्षकबाट देहायवमोजिमको रकम शीर्षकान्त

नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

एवम रकमान्तर गर्न भनि उल्लेख भै आएकोले उल्लेखित रकम शीर्षकान्तर एवम रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल:

| शीर्षक परिबर्तन गरिएका नगरस्तरीय योजनाहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र. स. | योजना क्र.स. | योजनाको नाम | विनियोजन बजेट रु. | परिवर्तित शीर्षक | विनियोजन बजेट रु. | कैफियत |
| | ४१६ | खानेपानी भौतिक संरचना निर्माण | २००००००.० | सरसफाई (नाला, ढल, बाटो) | १००००००.० | शीर्षकान्तर |
| | ४४० | नगर तथा अन्तरपालिका स्तरीय खेलकुद कार्यक्रम | १५०००००.० | खेलमैदान मर्मत तथा तारजाली ~~[illegible]~~ | २०००००.० | शीर्षकान्तर |
| | | जम्मा रु | | | | |